जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक १७२ २०७९ साल माघ २४ गते मंगलबार (7 Feb. 2023 Tuesday) मूल्य रु. ५/-




Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : आमसञ्चारसम्बन्धी कानुनलाई... ३ पृष्ठमा : जनसरोकारका विधेयक ... ३ पृष्ठमा सिरियामा ७.८ म्याग्निच्यूडको ....

## विभिन्न मुद्दामा फरार ६ महिलासहित ३६ जना अभियुक्त पक्राउ




**दैनिक समाचारदाता**
**राजविराज, २३ माघ ।**

सप्तरी प्रहरीले फरार अभियुक्तमाथी निगरानी र अनुसन्धान तिब्र बनाएसंगै विभिन्न अपराधका फरार प्रतिवादी धमाधम पक्राउ पर्न थालेका छन् ।

यसै क्रममा अदालतबाट जरिवाना र कैद सजाय तोकिएपछि फैसला कार्यान्वयन गर्ने क्रममा फरार रहेका ६ महिलासहित विभिन्न अभियोगका ३६ जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेहरुमा सर्वाधिक कुटपिट मुद्दाका छन् । जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी नरेश कुमार सिहका अनुसार कुटपिट मुद्दामा अदालतबाट जरिवाना तोकिएपछी फरार रहेका सप्तरीको छिन्नमस्ता गाउँपालिकाकी महेश्बरी देवी पण्डित, शम्भु पण्डित, दिनेश पण्डित, महेश पण्डित, राजेन्द्र पण्डित, परमानन्द यादव, नवलकिशोर यादव, राजगढ गाउँपालिकाका मोहित खाँ, तिरहुत गाउँपालिकाका संजय कुमार बहरखेर, चन्दन यादव, रवी कुमार यादव, कृष्णा यादव, शम्भु यादव, संतोष यादव, निदेश यादव र रविन्द्र कुमार मगरदैता पक्राउ परेका छन् ।

यस्तै कुटपिट मुद्दामै विष्णुपुर गाउँपालिकाका गंगाप्रसाद मण्डल, शिवकुमार मण्डल, जसमुल खाँ, जयनारायण मण्डल, रितादेवी यादव, राजेश यादव छन् भने तिरहुत गाउँपालिकाका आनन्द देव यादव ज्यान मार्ने उद्योग, कुटपिट अंगभंग मुद्दामा रजिया खातुन, सबिरुन खातुन, जाकिर मियाँ,

*बाँकी दुई पृष्ठमा*

## रुखमा झुण्डिएको अवस्थामा एक युवक मृत फेला

**दैनिक समाचारदाता**
**राजविराज, २३ माघ ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिकाका एक यूवक रुखमै झुण्डिएको अवस्थामा सोमबार मृत फेला परेका छन् ।

दुई साताअघि मात्र बैंकको ऋण तिर्न नसक्दा तनाव झेल्न नसकि सोही गाउँपालिका २ का ४५ वर्षिय रामदेव मरिकले रुखमा झुण्डिएर आत्महत्या गरेका थिए । सो घटना सेलाउन नपाउँदै सोमबार अर्को घटना भएको छ ।



प्रहरीका अनुसार छिन्नमस्ता गाउँपालिका ६ निवासी २१ वर्षिय महेन्द्र मण्डल रुखमा झुण्डिएको अवस्थामा मृत फेला परेका हुन् । घरबाट करिब एक किलो मिटर टाढा रहेको वडा नं. ३ को एकान्त स्थलमा रहेको आँपको रुखमा झुण्डिएको अवस्थामा उनको मृत शरीर फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी नरेशकुमार सिंहले जानकारी दिए ।

घटनाको प्रकृती हेर्दा उनले आत्महत्या गरेको हुन सकेको अनुमान गरिएको प्रहरीको भनाई छ । आँपको रुखमा गलबन्दीको पासो लगाई झुण्डिएको अवस्थामा फेला परेको उनको मृत शरीर पोष्टमार्टमका लागि स्थानिय गजेन्द्र नारायण सिंह अस्पतालमा पुर्‍याई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## पेट्रोल र डिजेल/मट्टितिलको मूल्य बढ्यो

**दैनिक समाचारदाता**
**राजविराज, २३ माघ ।**

नेपाल आयल निगमले सोमबार मध्यराति १२ बजेपछि लागु हुने गरी पेट्रोल र डिजेल/मट्टितिलको साबिकको खुद्रा बिक्री मूल्यमा प्रतिलिटर ३ रुपैयाँ मूल्य बढाएको छ ।

अब पेट्रोल प्रतिलिटर १७८ रुपैयाँ पुगेको छ भने डिजेल/मटितेलको मूल्य प्रतिलिटर १७५ पुगेको छ । हवाई इन्धन र खाना पकाउने ग्यासको खुद्रा बिक्री मूल्य भने हाललाई यथावत् नै राखिएको आयल निगमले जनाएको छ ।

निगमले नेपाल सरकारको ऋण र इण्डियन आयल कर्पोरेसन लिमिटेडलाई फेब्रअरी २०२२ मा तिर्नुपर्ने बक्यौता १६

*बाँकी अन्तिम पृष्ठमा*

## प्रसाही-थलही जोड्ने सडक तीन करोड २० लाखको लगानीमा बन्दै



**दैनिक समाचारदाता**
**राजविराज, २३ माघ ।**

सप्तरीको विष्णुपुर गाउँपालिका १ स्थित प्रसाही-थलही जोड्ने सडकको सोमबार एक कार्यक्रमबीच शिलान्यास गरिएको छ ।

संघिय सरकारको १ करोड ६० लाख र गाउँपालिकाको पनि १ करोड ६० गरी कुल ३ करोड २० लाखको लगानीमा निर्माण हुन लागेको नालासहितको कालोपत्रे सडकको गाउँपालिकाका अध्यक्ष उमेश प्रसाद यादवले

*बाँकी तीन पृष्ठमा*


# आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईंकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

***हाम्रा विशेषताहरु***

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

# जनसरोकारका विधेयक अगाडि बढाउने सरकारको तयारी

काठमाडौँ, २३ माघ (रासस)।
सरकारले प्राथमिकतामा रहेका जनसरोकारसँग सम्बन्धित विधेयकलाई संसद्मा प्रस्तुत गर्न गृहकार्य सुरु गरेको छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले संसद्मा प्रस्तुत गर्ने विधेयकका बारेमा छलफल गर्न सोमबार बोलाउनुभएको प्रमुख सचेक हरूको बैठकमा जनसरोकारसँग जोडिएका विभिन्न विधेयकलाई प्राथमिकताका आधारमा सदनमा प्रस्तुत गर्ने सहमति जुटेको हो।

व्यवस्थापिका संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलका सचेतकसँग बृहत् रुपमा भएको छलफलमा विकास, सुशासन, सङ्क्रमणकालीन न्याय, शिक्षा, स्वास्थ्य, नागरिकतालगायतका विषयमा तयार भएका विधेयक सदनमा लगिनेछ।

जनसरोकारसँग प्रत्यक्ष जोडिएका, सुशासन र विकासका लागि आवश्यक कानुन निर्माणका लागि सरकारले सदनमा छलफलका लागि विधेयक प्रस्तुत गर्ने विषयमा सोमबार छलफल भएको थियो।

बैठकमा नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखक, नेकपा (एमाले)का उपाध्यक्ष सुवास नेम्वाङ, नेकपा (माओवादी केन्द्र)का प्रमुख सचेतक हितराज पाण्डे, राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रमुख सचेतक ज्ञानेन्द्र शाही, जनता समाजवादी पार्टीका प्रदीप यादव, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी, नेपाल मजदूर किसान पार्टीका सांसद प्रेम सुवाललगायतको उपस्थिति थियो।

बैठकमा मुख्यसचिव शङ्करदास बैरागी, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव धनराज ज्ञवालीलगायतको उपस्थिति थियो।

महत्वपूर्ण विधेयक अगाडि बढ्न नसक्दा नागरिकले सङ्घीयताको खास अर्थमा अनुभव गर्न नपाएको, कर्मचारी समायोजनमा समस्या रहेको तथा अन्य महत्वपूर्ण काम समेत प्रभावकारी बन्न नसकेकाले त्यसलाई सम्बोधन गर्ने लक्ष्यका साथ प्रधानमन्त्रीले पहल थाल्नु भएको बुझिएको छ।

# सार्कस्तरीय जलवायु परिवर्तन पत्रकार मञ्च गठन

काठमाडौँ, २३ माघ (रासस)।
दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) क्षेत्रमा जलवायु परिवर्तनका मुद्दा उजागर गर्न तथा वातावरण संरक्षणमा योगदान पुर्‍याउने उद्देश्यले यस क्षेत्रका पत्रकारहरूको साझा मञ्च गठन गरिएको छ।

गत नोभेम्बरमा इजिप्टको शर्म अल शेख सहरमा भएको जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलन (कोप-२७) मा सहभागी सार्क मुलुकका वातावरण पत्रकारहरूको भेलाले दक्षिण एसियाली जलवायु परिवर्तन पत्रकार मञ्च (साउथ एसियन क्लाइमेट चेन्ज जर्नालिस्ट्स फोरम) गठन गरेको थियो।

सो तदर्थ समितिमा आबद्ध पत्रकारहरूले भर्चुअल माध्यमबाट विभिन्न चरणमा बैठक गरी संस्था गठनको आवश्यक प्रक्रिया अघि बढाउनुका साथै विधानलाई अन्तिम रूप दिएर आइतबार कार्यकारी समितिको नामावली सार्वजनिक गरेको हो। भारतका पत्रकार आशीष गुप्ताको अध्यक्षतामा १८ सदस्यीय कार्यकारी समिति गठन गरिएको छ।

मञ्चको कार्यकारी उपाध्यक्षमा करामोत उल्लाह विप्लव (बङ्गलादेश), उपाध्यक्षत्रयमा महिन्दा पाथिराना (श्रीलङ्का), श्रीराम सुवेदी (नेपाल) र मोहम्मद रबनावाज चौधरी (पाकिस्तान) रहनुभएको छ। महासचिवमा असदुज्जमान सम्राट (बङ्गलादेश), सहायक महासचिवद्वयमा भीष्मराज ओझा (नेपाल) र राई मुनाब्बर (माल्दिभ्स) तथा कोषाध्यक्षमा मासुम बिल्लाह (बङ्गलादेश) रहनुभएको छ।

त्यसैगरी मञ्चको कार्यकारी सदस्यमा सिके नायक (भारत), कुन्तक चटर्जी (भारत), सुनितकुमार भुयान (भारत), रिन्जिन वाङ्चुक (भुटान), इमरान बाई चौधरी (पाकिस्तान), केजे फैजा गिलानी (पाकिस्तान), केलुम बन्दारा (श्रीलङ्का), प्रगति ढकाल (नेपाल) र रफिकुल इस्लाम सबुज (बङ्गलादेश) रहनुभएको छ।

सार्क सचिवालयबाट मान्यता दिलाउन प्रक्रिया अघि बढेको मञ्चले जनाएको छ। यसैगरी सार्कका सबै देशले आ-आफ्ना च्याप्टर गठन गर्न सक्ने विधानमा उल्लेख छ। मञ्चको मुख्यालय बङ्गलादेशको ढाकामा रहने महासचिव सम्राटले बताउनुभयो। उच्चतम हिमाल, पहाडी भू-भाग, समथर भूमिसहित सामुद्रिक क्षेत्रसँग जोडिएको दक्षिण एसिया जलवायु परिवर्तनका कारण हुने जोखिममा अग्रपङ्क्तिमा आउँछ। यही चुनौतीलाई सम्बोधन गर्ने दिशामा सञ्चारमाध्यमको भूमिकालाई सशक्त पार्न यो संस्थाले काम गर्ने बताइएको छ।

### *राष्ट्रियसभाको ...*

देशको भ्रमण गर्नुभएको छ।

उहाँका महिला सशक्तीकरण तथा समावेशीकरण एवं कार्ययोजना, कम्युनिष्ट आन्दोलनमा महिलाको भूमिका (सहाना प्रधानसँग संयुक्त लेखन) आर्थिक विकासका विषयमा अनुसन्धानमूलक लेख विभिन्न जर्नलमा प्रकाशित छन्।

### *प्रसाही-थलही जोड्ने ...*

शिलान्यास गरेका छन्।

एक हजार ५ सय मिटर लम्बाई र ६ मिटर चौडाइ रहेको उक्त सडक १८ महिना भित्रै तयार हुने लक्ष्य लिइएको इन्जिनीयर रामचन्द्र दासले जानकारी दिए।

सडकको शिलान्यास गर्दै कार्यक्रमका प्रमुख अतिथी समेत रहेका गाउँपालिका अध्यक्ष यादवले सडक निर्माण भए गाउँपालिकाका बासिन्दा मात्र नभई सदरमुकाम राजविराज र आसपासका जनता समेत लाभान्वित हुने विश्वास ब्यक्त गरे।

"बजेट छरेर रकम सिध्याउनु भन्दा हरेक वर्ष एउटा अत्यावश्यक विषयमा पुग्ने गरी बजेट विनियोजन गर्ने सोच अनुसार यस वर्ष गाउँपालिकाले सडक निर्माणमा पनि ठुलो रकम छुट्याएको छ, उनले भने।"

उक्त सडक निर्माण कार्यको ठेक्का काठमाडौंस्थित अन्शुमन अधिकारी जेभि कम्पनीले पाएको प्रमुख प्रशासकिय अधिकृत रमेश प्रसाद यादवले जानकारी दिए।

वडा अध्यक्ष बलराम यादवको अध्यक्षतामा आयोजित शिलान्यास समारोहमा गाउँपालिकाकी उपाध्यक्ष रेणु कुमारी यादव, कार्यक्रम अधिकृत सुभाष प्रसाद मण्डल, सिनियर अहेव अधिकृत सुनिल यादव, समाजसेवी ब्रहमदेव यादव, नेपाल पत्रकार महासंघका केन्द्रिय परिषद सदस्य मनोज कुमार माझी, पत्रकार महासंघ सप्तरीका कोषाध्यक्ष नवीन कुमार गुप्ताका साथै स्थानीयबासीहरुको उपस्थिती रहेको थियो।


जनज्योती कृषि सहकारी संस्था लि. मलेठ, सप्तरी स्था.-२०६८

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**


## विश्व समाचार

### सिरियामा ७.८ म्यागिनच्यूडको भूकम्प, २३० भन्दा बढीको मृत्यु

बेरुत, २३ माघ (रासस/एएफपी)।
दक्षिणपूर्वी टर्कीको टर्कीको नियन्त्रणमा रहेको सिरियाली भूभागमा केन्द्रविन्दु रहेको ७.८ म्याग्निच्यूडको भूकम्पमा परी मृत्यु हुनेको सङ्ख्या सोमबार २३० जनाभन्दा बढी पुगेको सिरियाली स्वास्थ्य मन्त्रालयले जनाएको छ। अमेरिकी भौगर्भिक सर्भेका अनुसार स्थानीय समयअनुसार सोमबार बिहान ४:१७ बजे टर्कीको दक्षिणपूर्वी क्षेत्रमा पर्ने सिरियाली गाजियान्टेप नजिकै १७.९ किलोमिटरको गहिराईमा केन्द्रविन्दु भई ७.८ म्याग्निच्युडको भूकम्प गएको छ। भूकम्पमा परी सिरियाको अलेप्पो, लाटकिया, हामा र टार्टस प्रान्तमा ५१६ जना घाइते भएका छन् भने ११० जनाभन्दा बढीको मृत्यु भएको छ," मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ। यसअघि एक स्थानीय अस्पतालले एएफपीसँगको कुराकानीमा सिरियाली टर्की समर्थक समूहको नियन्त्रणमा रहेको उत्तरी क्षेत्रमा कम्तीमा आठ जनाको मृत्यु भएको बताएको थियो। भूकम्पको धक्का लेबनान, सिरिया र साइप्रसमा महशुस गरिएको थियो।

### दक्षिण सुडानमा भएको हिंसाको संयुक्त राष्ट्रसङ्घद्वारा निन्दा

जुबा, २३ माघ (रासस/सिन्ह्वा)।
संयुक्त राष्ट्रसङ्घले दक्षिण सुडानमा भएको हिंसात्मक घटनाबाट नागरिकको ज्यान लिइएको घटनाप्रति निन्दा गरेको छ। दक्षिण सुडानमा यही फेब्रुअरी २ मा भएको हिंसामा परी कम्तीमा पनि २७ जनाको ज्यान गएको थियो भने अरु कैयौँ नागरिक घाइते भएका थिए। सुडानस्थित संयुक्त राष्ट्रसङ्घीय मिसनका प्रमुखले उक्त घटनाप्रति निन्दा गर्दै यस हिंसात्मक घटनाको अनुसन्धान गर्न माग गरेका छन्। सुडानका लागि संयुक्त राष्ट्रसङ्घीय मिसनका विशेष प्रतिनिधि निकोलास हाइसनले दक्षिणी सुडानको काजो केजी जिल्लामा भएको सो हिंसाबाट कम्तीमा पनि २७ जनाको ज्यान गएको घटना निन्दनीय भएको भन्दै यसमा संलग्नहरुलाई कारबाही गर्न आग्रह गर्नुभएको हो। उहाँले सो जिल्लामा भएको हिंसाको कारण पत्ता लगाइ त्यसमा संलग्नहरुलाई सख्त कारबाही गर्न यहाँको सरकारलाई आग्रह गर्नुभएको छ। सो हिंसामा परेर कम्तीमा पनि दुई हजार जना मानिस आन्तरिक रुपमा विस्थापित भएका भन्दै उनीहरुको व्यवस्थापनका लागि पनि आग्रह गर्नुभएको बताइएको छ। सो क्षेत्रमा भएको हमलाको जिम्मेवारी कसैले लिएको छैन। यस विषयमा अनुसन्धान सुरु भएको दक्षिण सुडानको सरकारले जनाएको छ।

### संयुक्त राष्ट्रसङ्घका प्रमुखले कङ्गो आक्रमणको निन्दा

संयुक्त राष्ट्रसङ्घ २३ माघ (रासस/सिन्ह्वा)।
आइतवार प्रजातान्त्रिक गणतन्त्र कङ्गोमा संयुक्त राष्ट्रसङ्घीय शान्ति मिसनको हेलिकप्टरमा भएको आक्रमणको संयुक्त राष्ट्रका महासचिव एन्टोनियो गुटेर्रेसले कडा निन्दा गर्नुभएको छ। उक्त घटनामा परी एक दक्षिण अफ्रिकी शान्ति सैनिकको मृत्यु भएको छ र अर्का एक गम्भीर घाइते भएका विज्ञप्तिमा जनाइएको छ। गुटेर्रेसले संयुक्त राष्ट्रसङ्घीय शान्ति सैनिकविरुद्धको आक्रमणलाई अन्तर्राष्ट्रिय कानूनअन्तर्गत युद्धअपराध हुन सक्छ र कङ्गोली अधिकारीलाई यस जघन्य आक्रमणको छानबिन गर्न र दोषीलाई तुरुन्तै न्यायको कठघरामा ल्याउन आह्वान गर्नुभएको छ। महासचिवले कङ्गोको प्रजातान्त्रिक गणतन्त्रमा आफ्नो विशेष प्रतिनिधिमार्फत् संयुक्त राष्ट्रसङ्घले देशको पूर्वमा शान्ति र स्थायित्व ल्याउने प्रयासमा कङ्गोली सरकार र जनतालाई सहयोग गरिरहने कुरा पुन: पुष्टि गर्नुभएको छ। संयुक्त राष्ट्रसङ्घका महासचिवले मृतक शान्ति सैनिकका परिवारप्रति गहिरो समवेदना व्यक्त गर्नुका साथै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको विज्ञप्तिमा भनिएको छ। हेलिकप्टर आक्रमणको जिम्मेवारी अहिलेसम्म कुनै समूहले लिएको छैन। लामो समयदेखि असुरक्षा र हिंसाले ग्रस्त उत्तरी किभु प्रान्त सरकारी सेना र स्थानीय सशस्त्र समूहबीच महिनौंदेखि चलिरहेको लडाईंको केन्द्रबिन्दु बनेको छ।

### पूर्व सैनिक शासक मुसर्रफको पार्थिव शरीर पाकिस्तान ल्याइने

इस्लामाबाद, २३ माघ (रासस/सिन्ह्वा)।
पाकिस्तानका निर्वासित पूर्व सैनिक शासक परवेज मुसर्रफको शव सोमबार स्वदेश ल्याइने भएको छ।सन् २०१६ मा स्वास्थ्य समस्या देखिएपछि पाकिस्तानबाट दुबई पुगी निर्वासनमा रहँदै आउनुभएका मुसर्रफको ७९ वर्षको उमेरमा दुबईमा निधन भएको थियो। पाकिस्तानी वरिष्ठ अधिकारीहरुले उहाँको शव सोमबार स्वदेश फर्काइने र अन्त्येष्टि गरिने बताएका छन्। मुसर्रफले सन् १९९९ मा रक्तपातरहित 'कू' गरेर सत्ता कब्जा गर्नुभएको थियो। संयुक्त राज्य अमेरिकामा सेप्टेम्बर ११ को हमला हुँदा उहाँ पाकिस्तानको सेना प्रमुख, प्रमुख कार्यकारी र राष्ट्रपतिको रूपमा काम गरिरहनुभएको थियो। जनरलले दुई पटक पाकिस्तानी संविधान निलम्बन गरेको, जनमत संग्रहमा धाँधली गरेको र आफ्नो शक्तिको दुरुपयोग गरेको आरोप लगाइएको थियो। साथै उनको लगभग नौ वर्षको शासनकालमा विपक्षीहरूलाई गोलमा हालेर अधिकारको व्यापक उल्लङ्घन गरेको आरोप पनि लगाइने गरेको छ। ब्रुकिङ्स इन्स्टिच्युसनकी विश्लेषक मदिहा अफजलले एएफपीसँग भन्नुभयो, "अन्तत: उहाँले पाकिस्तानीहरूमा प्रत्यक्ष सैन्य शासनको गहिरो अरुचि साथ बहिर्गमन गर्नुभएको थियो। पाकिस्तानी सेनाले उहाँबाट सिक्दै अहिले पर्दा पछाडि धेरै शक्ति प्रयोग गरेपनि यो फेरि प्रत्यक्ष रूपमा सत्तामा रहन चाहँदैन। उहाँको कार्यकालमा पाकिस्तानलाई विदेशी सहायताको ठूलो प्रवाह भएको थियो र यसले अर्थव्यवस्थालाई बलियो बनाएको थियो।मुसर्रफ 'एमाइलोइडोसिस' नामक दुर्लभ रोगबाट पीडित हुनुहुन्थ्यो। गत ग्रीष्मऋतुमा उहाँको परिवारले उहाँलाई निको हुने कुनै सम्भावना नरहेको बताएको थियो। सेनाको सञ्चार शाखाले आइतवार जारी गरेको संक्षिप्त विज्ञप्तिमा जनरल परवेज मुसर्रफको निधन भएको र वरिष्ठ सैन्य प्रमुखहरूले समवेदना व्यक्त गरेका सूचना सार्वजनिक भएको थियो।

# छिन्नमस्ताका सुकुम्बासीलाई जग्गा प्रदान गरिने



**दैनिक समाचारदाता**
**राजविराज, २३ माघ ।** भूमी आयोगका पदाधिकारी, गाउँपालिकाका जनप्रतिनिधीसहित सरोकारवालाबीच सोमबार भएको सहमतिमा सप्तरीको छिन्नमस्ता गाउँपालिकाका सुकुम्बासीलाई ऐलानी जग्गा हेरेर बितरण गरिने भएको छ ।

दलित, सुकुम्बासी, भूमिहिन, अति विपन्न, अव्यवस्थित वस्ती लगायतका भूमिहिनले बसोबास गर्दै आएको ऐलानी जग्गाहरुको आधारमा लालपूर्जा उपलब्ध गराइने छ ।

'धेरै ठाउँमा दलित, सुकुम्बासी, भूमिहिन, अति विपन्नहरुले ऐलानी जग्गामा घर बनाएका छन्' गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरीले भने, 'विस्तृत छानबन गरी यस्ता व्यक्तिलाई जग्गाको लालपूर्जा उपलब्ध गराइनेछ ।'

भूमी आयोगका अध्यक्ष केशव निरौला, जिल्ला भूमी आयोगका अध्यक्ष हरेराम यादव, पालिकाका प्रमुख चौधरी, नापी कार्यालय, सप्तरीका प्रमुखसहित सरोकारवालाबीच यस्तो समझदारी भएको छ । पालिका प्रमुख र आयोगका पदाधिकारीबीच यस्तो सम्झौता भएको अध्यक्ष चौधरीले जानकारी दिए ।

# सामाचकेवा सम्बन्धी भिडियो बनाएर युनेस्कोबाट मुखिया पुरस्कृत

**दैनिक समाचारदाता**
**राजविराज, २३ माघ ।** समाचकेवा सम्बन्धी भिडियो बनाएर युनेस्कोले गरेको प्रतिस्पर्धामा सप्तरीका सुरेश मुखिया पुरस्कृत भएका छन् ।

युनेस्को नेपालले संस्कृति सम्बन्धी १ मिनेटको भिडियो बनाउन प्रतिस्पर्धा आह्वान गरेपछि मुखियासहित देशभरिका बिभिन्न ठाउँका व्यक्तिले भिडियो बनाएका थिए । उक्त प्रतिस्पर्धामा देशभरिबाट मुखियासहित पाँच जना सहभागि थिए ।

यसै क्रममा मुखियाले मिथिला संस्कृति 'सामाचकेवा' सम्बन्धी भिडियो बनाएका थिए । उनले बनाएको यो भिडियोलाई चयन गर्दै युनेस्कोले पुरस्कार प्रदान गरेको हो । हालै काठमाडौंमा आयोजित एक कार्यक्रमबीच उनलाई पुरस्कृत गरिएको छ । भिडियो खिच्ने र फिल्मको स्क्रिप्ट लेख्ने कार्यमा रुची राख्ने मुखिया बिभिन्न विषयमा भिडियो बनाइसकेका छन् ।



# थप दुई मन्त्रालयको कार्यभार प्रधानमन्त्रीलाई

काठमाडौं, २३ माघ (रासस) । राष्ट्रपति विद्यादेवी भण्डारीले राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट सरकारमा सहभागी भएका मन्त्रीको राजीनामा पछि उहाँ हरूले सम्हालेको मन्त्रालयको कार्यभार प्रधानमन्त्रीले सम्हाल्ने गरी तोक्नुभएको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को सिफारिशमा राष्ट्रपति भण्डारीले ती मन्त्रालयको कार्यभार प्रधानमन्त्रीलाई नै तोक्नुभएको राष्ट्रपति कार्यालयका प्रवक्ता सागर आचार्यले जानकारी दिनुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टीले आइतबार आफ्नो पार्टीकोतर्फबाट सरकारमा सहभागी भएका मन्त्रीलाई फिर्ता बोलाएको थियो । सो पार्टीका तर्फबाट श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीमा डोलप्रसाद अर्याल, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीमा शिशिर खनाल सहभागी हुनुहुन्थ्यो । उहाँ हरूले आफ्नो पदबाट राजीनामा दिनुभएपछि ती मन्त्रालयको नेतृत्व खाली भएको थियो । राष्ट्रिय स्वतन्त्र पार्टीकोतर्फबाट सरकारमा सहभागी भएका मन्त्रीले आइतबार साँझ प्रधानमन्त्रीसमक्ष राजीनामा बुझाउनुभएको थियो ।

### पेट्रोल र डिजेल ...

अर्ब ३० करोड रुपैयाँ रहेको दाबी गरेको छ ।

'इण्डियन आयल कर्पोरेसन लिमिटेडको बक्यौता एवम् सरकारद्वारा उपलब्ध गराइएको ऋणको व्यवस्थापन गर्न निगमलाई अझै चुनौती नै रहेको अवस्था छ,' निगमले विज्ञप्तिमा भनेको छ ।

# वीरगञ्ज भन्सारद्वारा ७६ अर्ब ६३ करोड राजस्व सङ्कलन

वीरगञ्ज, २३ माघ (रासस) । पर्साको वीरगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्ष २०७९/८० को छ महिनाको अवधिमा लक्ष्यको ६१ प्रतिशत राजस्व सङ्कलन गरेको छ । चालु आवको साउनदेखि पुससम्ममा रु एक खर्ब २२ अर्ब ७७ करोड १८ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकामा लक्ष्यको ६१ दशमलव २७ प्रतिशत अर्थात् रु ७६ अर्ब ६३ करोड चार लाख राजस्व सङ्कलन भएको भन्सार कार्यालयका सूचना अधिकृत रामचन्द्र ढकालले जानकारी दिनुभयो ।

उहाँका अनुसार सो भन्सार कार्यालयको चालु आवमा रु दुई खर्ब ६१ अर्ब ९९ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य छ । हालसम्म वार्षिक लक्ष्यको ५१ प्रतिशत राजस्व सङ्कलन भएको सूचना अधिकृत ढकालले बताउनुभयो । सो भन्सार कार्यालयले गत आव २०७८/७९ मा लक्ष्यको ९३ प्रतिशत र आव २०७७/७८ मा लक्ष्यको ९७ प्रतिशत राजस्व सङ्कलन गरेको थियो । चालु आवमा पनि लक्ष्यानुसार राजस्व सङ्कलन हुने सम्भावना कम रहेको सूचना अधिकृत ढकालको भनाइ छ ।

समग्रमा आयात घट्नु, राजस्वमा बढी योगदान गर्ने वस्तुको आयातमा प्रतिबन्ध तथा 'एलसी' खोल्नमा कडाइ गरिएकाले पनि राजस्व सङ्कलन घटेको सूचना अधिकृत ढकालले बताउनुभयो । सरकारले मदिरा, मोबाइल, गाडीको आयात खुला गरे पनि आयातकर्ताले एलसी खोलेर आयात गर्न अझै समय लाग्ने भएकाले आगामी दुई महिना यस्तै अवस्था हुने उहाँको भनाइ छ ।


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोढुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

**चिसो मौसममा मुटुलगायत स्वास्थ्य समस्यावाट बचन**
- चिसोमा बाहिर ननिस्कौं,
- धुम्रपान मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा नखाऔं,
- शारीरीक व्यायमलाई निरन्तरता दिऔं,
- हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले स्वास्थ्य परीक्षण गरौं,

जाडोको जोखिमबाट आफु पनि बचौं र अरूलाई पनि बचाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np